# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७९/०८०
चलानी नं. :-

मिति :- २०८०।०२।०१

सूचना नं. ५५

**व्यक्तिगत तथा पुनःश्रम स्वीकृतिको अनलाईन आवेदन सुरु गरिएको सुचना ।**

उपरोक्त विषयका सम्बन्धमा वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक रोजगार नियमावली २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरीकले अनिवार्य रुपमा श्रम स्वीकृति लिनु पर्ने व्यवस्था छ । वैदेशिक रोजगार विभाग Foreign Employment Information Management System (FEIMS) मा अनलाईन आवेदन गरी श्रमिकले श्रम स्वीकृति प्राप्त गर्न सक्ने व्यवस्था भएपनि अधिकाशं नेपाली श्रमिकले अनलाईन आवेदन,अन्य अनाधिकृत व्यक्ति वा सेवा प्रदायक संस्थामार्फत गर्दा श्रमिकको सम्पुर्ण विवरण प्रविष्ट नहुने, सो वापत धैरै रकम तिर्न बाध्य हुनुपर्ने र विभिन्न बाहाना बनाई श्रमिकलाई दुख, हैरानी दिने कार्य हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित र भरपर्दो बनाई स्थानिय तहसम्म पहुच अभिवृद्धि गर्न वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत तथा पुनःश्रम स्वीकृतिको अनलाईन आवेदन कार्य २०८० जेठ १ गतेदेखि यस गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रमार्फत हुने भनि मिति २०७९ चैत २६ गतेको नेपाल सरकार सम्माननीय प्रधानमन्त्री तथा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरिय निर्णय अनुसार सो कार्यको लागि यस गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

सम्पर्कः ९८६७९४६०३१ / ९८४७६१२३३८

प्रमुख प्रशासकीय अधिकृत

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत